# कृषि तथा वनविज्ञान विश्वविद्यालय

## सेवा आयोगको कार्यालय

## रामपुर, चितवन .

### विज्ञापन सम्बन्धी सूचना

**(प्रशासनिक तथा प्राविधिक पदका लागि दरखास्त आव्हान)**

कृषि तथा वनविज्ञान विश्वविद्यालयका अन्तर्गत रिक्त रहेका निम्नलिखित पदहरुको खुल्ला/समावेशी (लिखित तथा अन्तरवार्ता) प्रतियोगिताद्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक शैक्षिक योग्यता र सेवा शर्त पूरा गरेका योग्य नेपाली नागरिकहरूबाट गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन ( ***२०७५ फागुन १२ गतेदेखि २०७५ चैत्र १७ गते रातको १२ बजेसम्म*** ) भित्र र दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन ***(२०७५ चैत्र १८ देखि चैत्र २४ गते रातको १२ बजेसम्म*** ) भित्र कृषि तथा वनविज्ञान विश्वविद्यालय सेवा आयोगको अनलाइन पोर्टल **sc.afu.edu.np** मा गई फर्म भर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| क्र.स | विज्ञापन नम्बर | पद | संख्या | खुल्ला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि. क्षेत्र |
| १ | ४५/०७५/०७६ | कृषि अधिकृत (विषय विषेशज्ञ,प्राविधिक) | २ | १ | १ | | | | | |
| २ | ४६/०७५/०७६ | सहायक प्रशासक | ५ | ३ | १ | १ | | | | |
| ३ | ४७/०७५/०७६ | लेखा अधिकृत | ८ | ४ | १ | १ | १ | १ | | |
| ४ | ४८/०७५/०७६ | ल्याव टेक्निसियन | १६ | ९ | २ | २ | २ | १ | | |
| ५ | ४९/०७५/०७६ | जुनियर टेक्निसियन | २ | १ | १ | | | | | |
| ६ | ५०/०७५/०७६ | लेखापाल | ८ | ४ | १ | १ | १ | १ | | |
| ७ | ५१/०७५/०७६ | भण्डारपाल | १ | १ | | | | | | |
| ८ | ५२/०७५/०७६ | हेड असिष्टेण्ट | ११ | ६ | २ | १ | १ | १ | | |
| ९ | ५३/०७५/०७६ | ल्याव असिष्टेण्ट | १८ | १० | ३ | २ | २ | १ | | |
| १० | ५४/०७५/०७६ | फिल्ड असिष्टेण्ट | ३ | २ | १ | | | | | |
| ११ | ५५/०७५/०७६ | जुनियर टेक्निकल असिष्टेण्ट(कृषि जेटिए) | २ | १ | १ | | | | | |
| १२ | ५६/०७५/०७६ | प्लम्वर | १ | १ | | | | | | |
| १३ | ५७/०७५/०७६ | इलेक्ट्रिसियन | १ | १ | | | | | | |
| १४ | ५८/०७५/०७६ | सहायक भण्डारपाल | ५ | ३ | १ | १ | | | | |
| १५ | ५९/०७५/०७६ | असिष्टेण्ट | १७ | ९ | ३ | २ | २ | १ | | |

**अनलाइनमा पठाउनुपर्ने कागजातहरू :**

१. भरिएको फर्मको **स्क्यान** कपी ।
२. नेपाली नागरिकताको प्रमाणपत्र ।।
३. फोटो (हालसालै खिचिएको पासपोर्ट साइजको)
४. बैंक भौचर ।
५. बायोडाटा - (पिडिएफ वा वर्ड फाइल)

६. प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्र ।

७. नेपाल बाहिरका विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधि (श्रेणी र विषय समेत खुलेको) लाई कृषि तथा वनविज्ञान विश्वविद्यालय वा त्रिवि पाठ्यक्रम विकास केन्द्रबाट स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि ।

***पुनश्चः सबैं कागजातहरु अनलाइनमा अपलोड गर्दा अनिवार्य रुपमा स्क्यान गरेर मात्रैं गर्नुहोला, मोवाइलबाट फोटो खिचेर अपलोड गरिएका कागजातहरुलाई मान्यता दिइने छैन)***

**परीक्षा दस्तुर :** अधिकृत स्तरको पदको लागि आवेदकले आवेदन दस्तुर वापत रू १००० र सहायक स्तर पदको लागि रू ८००, कृषि तथा वनविज्ञान विश्वविद्यालयको **नेपाल बैंक लिमिटेड रामपुर चितवनको** खाता नं. **०८५००१०६४२०८३१००००१** मा जम्मा गरी सो सक्कल भौंचर **स्क्यान** गरी अनलाइनमा राख्नुपर्नेछ । प्रत्येक समावेशी समूहका लागि थप २० प्रतिशत शुल्क लाग्ने छ । (जस्तैं अधिकृत स्तरको पदमा महिला कोटामा फर्म भर्न चाहानेले रु १००० को २० प्रतिशत रु २०० थप गरी रु १२०० रकमको भौंचर काट्नुपर्नेछ)

## आवश्यक शैंक्षिक योग्यता :

क) **कृषि अधिकृत** : सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण ।

ख) **सहायक प्रशासक** : स्नातक तह वा सो सरह उत्तीर्ण ।

ग) **लेखा अधिकृत** : सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

घ) **ल्याव टेक्निसियनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आई.एस्सी. कृषि/आई.एस्सी. पशु विज्ञान/ डिप्लोमा इन कृषि/डिप्लोमा इन पशु विज्ञान/ डिप्लोमा इन फरेष्ट्री उत्तीर्ण ।

ङ) **जुनियर टेक्निसियनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आई.एस्सी.कृषि/ डिप्लोमा इन कृषि उत्तीर्ण ।

च) **लेखापाल** : सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण ।

छ) **भण्डारपाल** : प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

ज) **हेड असिष्टेण्ट** : प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

झ) **ल्याव असिष्टेण्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी./एस.ई.ई. परीक्षा उत्तीर्ण भई सम्बन्धित (कृषि/पशु /वनविज्ञान) विषयमा कम्तीमा १५ महिने तालिम उत्तीर्ण ।

ञ) **फिल्ड असिष्टेण्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी./एस.ई.ई. परीक्षा उत्तीर्ण भई सम्बन्धित (कृषि/पशु/वन विज्ञान) विषयमा कम्तीमा १५ महिने तालिम उत्तीर्ण ।

**ट) जुनियर टेक्निकल असिष्टेण्ट (कृषि जेटिए)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी./एस.ई.ई. परीक्षा उत्तीर्ण भई सम्बन्धित (कृषि/पशु /वन विज्ञान) विषयमा कम्तीमा १५ महिने तालिम उत्तीर्ण ।

**ठ) प्लम्बर** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी./एस.ई.ई.परीक्षा उत्तीर्ण भई सम्बन्धित विषयमा कम्तीमा १५ महिने तालिम उत्तीर्ण वा सो सरह ।

**ढ) इलेक्ट्रिसियन**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी./एस.ई.ई.परीक्षा उत्तीर्ण भई सम्बन्धित विषयमा कम्तीमा १५ महिने तालिम उत्तीर्ण भएको वा सो सरह ।

**ण) सहायक भण्डारपाल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी./एस.ई.ई. परीक्षा उत्तीर्ण ।

**त) असिष्टेण्ट :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी/एस.ई.ई परीक्षा उत्तीर्ण ।

**द्रष्टव्य :**

१. लिखित परीक्षाको मिति कृषि तथा वनविज्ञान विश्वविद्यालय सेवा आयोगको वेभसाइट **afu.edu.np/service-commission** मा प्रकाशन गरिने छ ।

२. सबै पदहरुको प्रतियोगिताको लागि ३ घण्टाको लिखित परीक्षा हुनेछ ।

(लिखित परीक्षा सम्बन्धी पाठ्यक्रम **afu.edu.np/service-commission** मा हेर्न सकिने छ ।)

३. सबै प्रकारका प्रशासनिक तथा प्राविधिक पदको लागि कम्प्युटर सम्बन्धि ज्ञान अनिवार्य छ । कम्प्युटर प्रयोग सम्बन्धी ज्ञानको परीक्षामा योग्य ठहर भएका उम्मेदवारहरुलाई मात्र लिखित परीक्षामा सामेल गराइने छ। कम्प्युटर ज्ञान सम्बन्धी जाँच आयोगले तोकेको मितिमा हुने छ ।

***खुल्ला प्रतियोगिताका लागि उम्मेदवार हुन नपाउने व्यवस्था :***

खुल्ला प्रतियोगितामा देहायको अवस्थामा कुनै पनि व्यक्ति विश्वविद्यालय सेवाका लागि उम्मेदवार हुन वा रहन पाउने छैन :

क. अधिकृत स्तरभन्दा मुनिको पदमा १८ वर्ष उमेर पूरा नभएको ।

ख. अधिकृत स्तरका कर्मचारीतर्फ २० वर्ष उमेर पूरा नभएको ।

ग. ३५ वर्ष पूरा भईसकेका तर महिलाको हकमा ४० वर्ष उमेर पूरा भएका ।

घ. विश्वविद्यालय सेवा वा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका ।

**समावेशीतर्फ छुट्याइएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनुपर्नेछ :**

१, आदिवासी/जनजाति

आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

२. मधेशी : मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

३. दलित : दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

४. अपाङ्ग : अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्‌बाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

५. पिछडिएको क्षेत्र : पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहबाट आवेदन दिनेहरुले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नुपर्नेछ ।